**चिन्तनमनन**

क. वर्तमान युगमा यस्तो धेरै समसामयिक विषयहरू छन् जसलाई येशुले सम्बोधन गर्नु भएको थिएन, जस्तै, लागू दुर्व्यसन, स्वास्थ्य सुधारप्रणाली, समलिंगी, दासत्व, कमैया, भ्रुणहत्या, क्लोनींग आदि। येशुका वचनमा यस्ता विषयहरूको अभावमा तपाईंको धारणा के छ? आधुनिक समय अस्वस्थ प्रतिस्पर्धामा अग्रसर भइरहेको कारणले मानिसमा अनेक नयाँ जटिल समस्याहरूको प्रादुर्भाव भएको छ, तर ती सबैलाई विस्तृत रूपमा सम्बोधन नगरे पनि येशुले आधारभूत आचारसंहितालाई औंल्याउनुभएको कारणले उहाँलाई नै मध्य नजरमा राखेर ती सबै समस्याहरूलाई कस्तो निर्णयात्मक ढंगले हेर्नुपर्दछ, र यसमा कस्तो सावधानी अपनाउनुपर्दछ?

ख. आजभोलि अन्तर्राष्ट्रिय क्षेत्र द्वन्द्व नै द्वन्द्वले ग्रसित छन्। यस्तो अवस्थामा येशुको क्षमाशीलताको शिक्षालाई आत्मसात् गर्दा मानिसहरूले कस्तो राहतको प्रत्याभूति पाउन सक्दछ? येशुका भक्तहरूले आफ्ना घरमा, चर्चहरूमा र समाजमा उहाँका शिक्षालाई आफ्नो जीवनमा उतार्न कस्तो सङ्कल्प गर्नुपर्दछ? राष्ट्र र व्यक्तिले सामना गरिरहेको कुनै खास समस्याहरूको समाधान क्षमाशील भएर मात्र हुँदैन भन्ने धारणा कुन बखत लागू हुन्छ वा सुमधुर जीवनका लागि क्षमाभावनाको विकल्प अरू केही छ कि?

सर्वव्यापी मान्यताको अपरिहार्यता भए तापनि, येशुले डाँडामा दिनुभएको नीतिनिर्देशन वचनलाई जीवनको समस्याको सम्मुख मानिसले तिनीहरूलाई किन प्रायशः बेवास्ता गरिरहेका हुन्छन्? यसको कारण के हो, के तपाईंले सोच्नुभएको छ? र तपाईंको आफ्नै जीवनमा ती अर्तीनिर्देशनहरू कसरी लागू गरिरहनुभएको छ? येशुसँग साथमा हिंडदै छु भन्ने भावनालाई विवेकले महसुस गरिरहेको बेलामा येशुले त्यस डाँडामा दिनुभएको विशेषतः अर्तीवचन वा उपदेशहरूलाई आफ्नै जीवनमा कसरी उतार्न सक्नुहुन्छ?

✞📖✞





# येशुका शिक्षादीक्षाहरूमा विशिष्ट गहन ज्ञान

**यस अध्यायका लागि पढ्नुहोस्:** मत्ती ५-७, २०:२५-२८, युहन्ना ४:२२-२४, ८:१-११

**स्मरण गर्नुपर्ने पदः** "उहाँका शिक्षा सुनेर मानिसहरू चकितभए, किनभने उहाँले अरू धर्मगुरुहरूले जस्तो होइन बरु अधिकारसम्पन्न भएको व्यक्तिले जस्तै सिकाउनुभएको थियो।" मर्कुस १:२२

"प्रभु येशुले विज्ञानको गहन र अति अन्धकार रहस्यहरूलाई ज्योति चम्काएर तिनीहरूको भेद खुलाइ दिन सक्नुहुन्थ्यो। तर उहाँले मुक्तिको विज्ञानको भेद खोल्ने लक्ष्यबाट विचलित हुन कुनै समय पनि बाँकी राख्नुभएन। उहाँका समय, उहाँका ज्ञान, उहाँका सामर्थ्य र क्षमताहरू, र उहाँका आफ्नो सम्पूर्ण जीवन नै मानिसहरूको उद्धारका निम्ति खटिएको थियो।"-एलेन जि ह्वाइट, *माइन्ड, क्यारेक्टर, एण्ड परसनालिटी*, ठेली १, पृ. २४५।

यस शीर्षकमा उल्लिखित भएतापनि येशुको ज्ञानको बारेमा मनन गर्दा गम्भीरता अपनाउनुपर्दछ, नत्रभने उहाँलाई शताब्दीयौंमा भएका अरू धर्मगुरुहरूको तहमा राखिने प्रबल सम्भावना हुन्छ। यदि उहाँका शिक्षादीक्षा केवल अरू विख्यात धर्मगुरूको शिक्षादीक्षामा तालमेल हुनेरहेछभने उहाँमा र अरूमा के भेद भयो त? त्यसकारण येशुका शिक्षादीक्षा केवल नीति बचन, ज्ञानबर्द्धक मात्र छैनन्। उहाँ केवल मानिसलाई कुन बाटो लाग्नुपर्दछ भनेर कुनै पथ देखाउन आउनुभएको होइन। तर उहाँका शिक्षादीक्षामा यस्ता गुणात्मक भेदहरू छन् जुन न त उहाँ आउनुभन्दा कुनै सम्माननीय गुरुहरू, पण्डितहरू स्वामीहरू वा ऋषिमुनिहरूमा थिए न त हुने नै छन्। उहाँका शिक्षादीक्षामा यस्ता निश्चयात्मकता र निर्णयत्मकता थिए जुन अरू कुनैमा थिएन, किनभने उहाँ कसैको शिक्षादीक्षा हासिल गरेर वा तपस्याद्वारा सिद्धभएका मानिस हुनुहुन्नथ्यो, बरु परमेश्वर नै मानव चोला लिएर बोलीरहनुभएको थियो। जतिसुकै मानिसहरूले येशुको सत पहिचानमा अनभिज्ञ भएतापनि उहाँका

वचनमा यस्ता विषेशता र अतुलनीयताको महसुसभएको थियो जसले "भींडहरू उहाँका वचन सुनेर अचम्भ माने किनभने उहाँले अरू पण्डितहरूले जस्तै गरेर होइन बरू आधिकारिक व्यक्तिको हैसियतले सिकाउनुभएको थियो।"(मत्ती ७:२८,२९)।उहाँका शिक्षादीक्षामा यस्तो मौलिकता थियो जुन अरूबाट पाएको भनेर देखाइँदैनथ्यो।

यस अध्यायमा उहाँका के यस्ता शिक्षादीक्षाहरू थिए भनेर केही मात्रामा हेर्नेछौं।

## १. डाँडामा दिएका उत्कृष्ट प्रवचन (मत्ती ५-७)

वर्षौंभरि हजारौं प्रवचनहरू यस संसारमा प्रचारप्रसार हुन्छन् तर तिनीहरू प्रायशः:बिलाएर जान्छन्। कसैले केही समयसम्म प्रभावित भएको कारणले सम्झिन्छन् तर आखिरमा बिर्सिन्छन्। यस्ता के विशिष्ट प्रवचन थिए जुन दुई हजार वर्षसम्म मानिसहरूले सम्झिरहे र उदृध गरि रहे, यति मात्र होइन ती प्रवचन कहाँ दिएको थियोभनेर स्थानलाई पनि सम्झिरहेका छन्? यो थियो येशुले डाँडामा दिनुभएको उपदेश।

प्रथम विश्व युद्धमा सोसाइटी अभ फ्राइन्दस्ले डाँडामा दिएको उपदेशलाई अलग पर्चामा छापेका थिए। त्यसमा केही पनि टिप्पणी नगरी जर्मनका विपक्ष देशहरू जस्तै बेलायत र फ्रान्सका सैनिकहरूलाई बाँडेका थिए। तर दुवै बेलायत र फ्रान्सका सरकारहरूले ती पर्चाहरूलाई आफ्ना सैनिकहरूलाई नबाँड्न अध्यादेश जाहेर गरे। आफ्ना शत्रुहरूलाई प्रेम गर्नुपर्छ भन्ने उपदेशलाई शत्रु-शत्रुका बीचमा भएको लडाइँको सम्मुखमा कसले पढ्न चाहन्थे वा पढ्न दिन्थे होला?

येशुले डाँडामा दिनुभएको आशीर्वचन (आशीर्वाद र प्रतिज्ञाले भरिपूर्ण उपदेश) पढ्नुहोस्।अहिले जुन तीतो मीठो अनुभव तपाईंले गरिरहनुभएको छ त्यसका लागि उपर्युक्त आशीर्वचनमा उल्लिखित कुन वचनहरू तपाईंका लागि अर्थपूर्ण पाउनुभएको छ अर्थात् हौसला प्रदान गर्दछ?

यी आशीर्वचन वा डाँडाका उपदेशहरूमा यस्ता तत्त्वहरूको समावेश गरी त्यसलाई चित्रण गरिएका छन् जसको परिधिभित्र एक



भनेका छन्। (येशुका केही चिरस्मरणीय वचनहरूमा:) 'आफ्ना छिमेकीलाई (चिरअपरिचित मानिस) आफूलाई जस्तो माया गर्नु। अरूले तिमीलाई कस्तो व्यवहार गरेको रुचाउँछौ, त्यसरी नै अरूलाई व्यवहार गर्नु। हे, तिमीहरू सबै बोझले लाडिएका र श्रमिकहरू हो, मकहाँ आओ, र म विश्राम दिनेछु। तिमीले सत्यलाई थाहा पाउनेछौ, र अनि सत्यले तिमीलाई मुक्त गर्नेछ।' प्रायजसो उहाँले विभिन्न दृष्टान्तहरू वा कथाहरूद्वारा मानिसहरूलाई स्वर्गका बारेमा महत्त्वपूर्ण शिक्षाहरू दिनुभएको थियो, जस्तैः गाड धन, बिउ छर्ने खेतालाहरू, मोती व्यापारीले भेट्टाएको बहुमूल्य मोती, असल सामरी आदि। उहाँका यी कथाहरू सुनेर मानिसहरू चकितभएर यसरी भावावेगमा उद्गार व्यक्त गरेका थिए, 'यो मानिसले त अधिकारले सम्पन्नभएको व्यक्तिले जस्तै बोल्दछ। उसले जस्तो यसरी कसैले पनि बोलेको छैन !' येशुका शिक्षाहरूमा सबभन्दा प्रभावशाली कुरा त, उहाँले के सिकाउनुभयो नभएर उहाँले आफूले सिकाएको अनुसार कसरी चल्नुभयो। उहाँका सम्पूर्ण जीवनको विस्तृत कहानीलाई हेऱ्यौं भने, उहाँका जीवन शदाशयताले भरिपूर्ण, नम्रताले झुकेको, अरूको भलाइका निम्ति आफू हरदम जुटिरहने, अरूको फाइदाको लागि आफू रित्तिने, र आफ्ना निम्ति होइन तर अरूलाई प्रेमले ओतप्रोत भइरहने थियो। उहाँका नम्रताको पराकाष्ठा नै उहाँले आफ्ना बारेमा के सोच्नुहुन्छ त्यसलाई हामीले थाहा नपाउनु हो। आफू कस्तो छु भन्ने कुराप्रति उहाँका चासो थिएन। बरू अरू मानिसले परमेश्वरका बारेमा कस्तो सोच्दछ त्यसप्रति उहाँ हरदम चिन्तिन हुनुहुन्थ्यो।....हामीले यो पनि हेऱ्यौं, मानिसले खडा गरेका अनेकौं तगाराहरूलाई बेवास्ता गर्नुभयो। उहाँले साना बालबालिकाहरूलाई प्रेम गर्नुभयो, स्नेह देखाउनुभयो। अत्याचार र अन्यायलाई उहाँले घृणा गर्नुभयो र धर्मका भेष लगाउनेहरूको पाखण्डीपना अर्थात् ढोंगीपनालाई घृणास्पद तरिकाले हेर्नुभयो किनभने यसले तिनीहरूको आफ्नो असल चरित्रलाई लुकाएको हुन्थ्यो।" *द इलस्ट्रेड वर्ल्डस् रिलिजनस्*, पृ. २१२,२१३

*लुका ७:३६-४८, लुका १५:११-३१, युहन्ना ८:१-११।*

गहिरो रूपमा हेर्ने हो भने उपर्युक्त उद्धरणहरूमा येशुले अनुग्रहका बारेमा धेरै तरिकाहरू अपनाएर सिकाउन खोज्नुभएको पाउँछौं। मानिसको हृदयमा अनुग्रहको असल छाप परोस् भनेर दृष्टान्तहरूद्वारा र आफ्नै जीवनबाट अनुग्रहका पाठहरू सिकाउनुभएको थियो। जब पत्रुसले एक रात समुद्रमा प्राणघातक तत्त्वहरूको सामना गर्नुपरेको थियो, ऊ डुब्न लागेको थियो, ऊ निरीह भएको थियो। यस्तो घटनाको सामना उसले गरेको कसरी बिर्सन सक्थ्यो होला? यसबाट राहत दिनु उसका लागि आफ्नोभन्दा उच्च शक्तिको पुकारा गर्नुको विकल्प उसले देखेको थिएन। उसको चीत्कारलाई सुन्न त्यहाँ तुरुन्त राजी थियो। त्यहाँ कुनै ढिलाइ थिएन, न त उसले तपस्या वा आफूलाई सास्ती दिएर मुक्ति कमाउन आवश्यकताको महसुस गरेको थियो। येशुको नजिक आउन कुनै जटिल सूत्रहरूको फन्दामा पर्नु परेको थिएन न त कुनै तथाकथित विधिहरूको पालनगर्नु पर्ने नै थियो। केवल तीन शब्दहरू, जुन कि मानिसले अत्यन्त भीषण निराशको समयमा स्वतः चीत्कार गर्दछः "प्रभु मलाई बचाउनुहोस्" (मत्ती १४:३०), ती आवाजले परमेश्वरका अनुग्रहलाई परिचालन गर्न सक्दछ। जब पत्रुसले आफूलाई बचाउन पुकारा गरे, उसलाई बचाउन येशुले आफ्नो हात तुरुन्त पसार्नुभयो। यो नै अनुग्रहको निर्विकल्प परिभाषा हो।

माथि उल्लिखित विभिन्न बयानहरूमा तपाईंलाई कुनचाहिँ बयानले परमेश्वरका अनुग्रहले शक्तिशाली रूपमा प्रभावित हुनुभएको छ? जसरी तपाईं आफैले परमेश्वरका अनुग्रहलाई प्राप्त गर्नुभएको कारणले, आफू अयोग्य व्यक्तिले जस्तै अरूले पनि उपर्युक्त अनुग्रहलाई उपभोग गर्न पाओस् भनेर उनीहरूप्रति तपाईंले कसरी सदाशयता देखाउन र अनुग्रही हुन अग्रसरता देखाउनुहुन्छ?

## उपसंहार

अरू जानकारीका लागिः इतिहासविद् हस्टन स्मिथका अनुसार येशुका शिक्षाहरू "इतिहासमै सबभन्दा धेरै दोहोऱ्याएको शिक्षा हुन सक्दछ



वा अर्को किसिमले हामी परेका हुन्छौं। उदाहरण स्वरूप, " धन्य शोक गर्नेहरू" हामी त्यो शोकलाई खोजेर त्यस स्थितिमा बसिरहन अग्रसर हुँदैनौं। तर नम्र (नरम मिजास, सदाशयता, साधुपना, सहनशील वा शालीनता) हुन त हामीले अथक प्रयास गरिनैरहनुपर्दछ। परमेश्वरका प्रवक्ता जेफनियाले भन्नुभएको थियोः "धर्मी हुन खोज, नम्र हुन खोज" (जेफनिया वा सपन्याह २:३)। याद गर्नुहोस्, धार्मिकताका लागि भोकाउनु र तिर्खाउनु, यो नश्वर शरीरले स्वाभाविकै रूपमा खोज्दैन र चाहना पनि गर्दैन, न त हामीले उत्पादन नै गर्न सक्दछौं। यसप्रति सचेत हुन र चाहना गर्न हामीले प्रयास गर्नु पर्दछ भन्ने परमेश्वरका निर्देशन त पक्कै पनि छ।

येशुका ती आशीर्वाद वचनका केही बुँदाहरूलाई यहाँ उल्लेख गरिएका छन्। संक्षिप्तमा तिनीहरूको वर्णन गर्नुहोस्:

क. समाजमा हुनुपर्ने हाम्रो प्रभाव- मत्ती ५:१३-१६
ख. परमेश्वरका आज्ञा वा दस आज्ञाहरूप्रति हाम्रो आस्था- मत्ती ५:२१-३०
ग. हार्दिक धर्मपरायणता- मत्ती ५:२१-३०
घ. यदि पारपाचुके गर्नै पऱ्योभने, कुन कारणले गर्नुपर्दछ - मत्ती ५:३१,३२
ङ. प्रतिशोध- मत्ती ५:३८-४२
च. शत्रु, वैरी वा हाम्रो पतन खोज्नेहरूप्रति हाम्रो व्यवहार- मत्ती ५:४३-४८
छ. प्रार्थना वा परमेश्वरसँग सञ्चार कसरी राख्नुपर्दछ, त्यसका लागि नमुना - मत्ती ६:५-१५

येशुले दिनुभएको उपर्युक्त आशीर्वचन र अरू प्रवचन वा उपदेशहरूलाई मनन गर्दा कुन पक्षलाई तपाईंले अत्यन्त उपयोगी पाउनुभएको छ र कुन अत्यन्त प्रभावकारी विन्दुलाई आत्मसात् गर्न आवश्यक ठान्नुभएको छ? ती प्रवचनहरूले तपाईंको कुन आनिबानी वा संस्कारको पर्दाफास गर्दछन् र त्यसलाई सुधार गर्न चुनौती दिँदछन्? परमेश्वरका मुखबाट निस्केको बचनसँग तालमेल हुन तपाईंको जीवनमा के सुधार ल्याउन आवश्यक भएको महसुस गर्नुभएको छ?

## २. परम प्रभु परमेश्वरका बारेमा येशुले के शिक्षा दिनुभयो?

सारा संसार नै परमेश्वरका व्यक्तित्व, चरित्र र स्वभावप्रति अन्धकारमय धारणाले ओतप्रोतभएको र भ्रम नै भ्रमले जग गाडेको (जसरी छ अन्धाले हात्तीलाई छाम्दा, उसको शरीरको भागअनुसार कसैले नाङ्लो, कसैले डोरी, कसैले भित्ता, कसैले खम्बा, कसैले सर्प त कसैले बिंड भने) समयमा येशुले आफ्नो जीवन र वचनद्वारा परमेश्वरका बारेमा सरल र सीधा तरिकाले स्पष्ट गर्न आउनुभएको थियो। परमेश्वर कै अस्तित्वबाट आउनुभएकाले उहाँले परमेश्वरका बारेमा जुन अवधारणा प्रकट गर्नुभयो वा रहस्योद्‌घाटन गर्नुभयो, त्यसलाई कसैले पनि सुधार गर्न सक्दैनन्। विगत समयमा परमेश्वरका प्रवक्ता वा भविष्यवक्ताहरूले परमेश्वरका बारेमा बोलेका थिए। तर अहिले, “यस अन्तिम युगमा" परमेश्वरले “सारा जगत्‌का सृष्टिकर्ता आफ्ना पुत्रद्वारा" बोलिरहनुभएको थियो (हिब्रु १:१,२)। निचोडमा भन्ने हो भने, येशुद्वारा नै सर्वोच्च परमेश्वरका बारेमा दिव्यज्ञानको बोध गराइएको छ। सनातन परम प्रभु परमेश्वरका स्वभाव र चरित्र थाहा पाउन येशुको विकल्प छैनभने पनि हुन्छ। येशुले परमेश्वरका सत्य अनुहारलाई प्रतिविम्व गर्नुभएको छ। देहायका केही पदहरूमा येशुले परमेश्वरका बारेमा के बोध गराउन चाहनुहुन्छ जसले गर्दा हाम्रो दिव्य चक्षु खुलोस्?: मत्ती ५:८,९, मत्ती १८:५:६,१०,मत्ती१९:१३,१४,युहन्ना४:२२-२४,युहन्ना १०:२७-३०।

कुनै पनि समाजको, चाहे त्यो प्राचीनको होस् वा आधुनिक होस्, त्यसको शिष्टता वा शालीनतालाई समालोचनात्मक तवरले हेर्ने हो भने, उसले आफ्नो कमजोर सदस्यहरूलाई कस्तो मूल्यमान्यताको प्रत्याभूत दिएको छ त्यसमा भर पर्दछ। ती कमजोर सदस्यहरू भनेको अरू कुनै नभई बालबालिका नै हुन्। येशुले ती बालबालिकाहरूप्रति यस्तो करुणा, स्नेह र माया देखाउनुभयो जसले गर्दा दुई हजार वर्ष अघि उनीहरूका बिचरा आमाहरूले स्वर्गीय ताजा हावा फेर्न पाएको अनुभूति गरेका थिए। आफ्नो अति व्यस्तताको बाबजुद पनि साना बालबालिकाहरूलाई माया गर्न र आशिष् दिन उहाँ पछिपर्नुभएन, र



## ५. अनुग्रह, आस्था, र विश्वास वा भरोसाका बारेमा प्रभु येशुले के सिकाउनुभएको छ

“किनभने तिमीहरूले विश्वास गरेको कारणले अनुग्रहबाट तिमीहरूले मुक्ति पाएका छौ- र यो तिमीहरूको आफ्नै कर्म वा असल कामले आर्जन गरेको होइन, यो त परमेश्वरका बरदान हो। मानिसहरूले आफ्ना कुनै पुनीत कामहरूद्वारा मुक्ति पाउँछभने ऊ घमण्डले फुल्नेछ।" (एफिसी २:८,९ अनुवादकको भावानुवाद-paraphrase)। इसाईहरूको विश्वासमा मुक्ति कसरी पाउने रहेछभन्ने धारणा पावलका उपर्युक्त वचनहरूले प्रतिविम्व गर्दछ। उसको अभिव्यक्तिमा केही हदसम्म येशुले सिकाउनुभएको भन्दा भिन्न देख्छौं। अझ कसैले यो पनि जिज्ञासा राख्न सक्दछ, त्यसो भए येशुले विश्वासद्वारा धर्मी ठहरिन्छ भन्नेमा विश्वास गर्नुहुन्न र? अर्थात् मुक्ति पाउन विश्वास मात्र गरे पुग्दैन र? तर यस्तो खालका प्रश्न गर्नुभनेको पावल र येशुको बारेमा अत्यधिक तवरले भ्रममा पर्नु हो। जब येशुले अनुग्रहका बारेमा शिक्षा दिनुभयो, कहिलेकाहीँ विपरीत दिशामा गएको पनि देख्दछौं; एउटा कारण त, अपर्झटमा हामीले कहिलै पनि येशुले दिनुभएको अनुग्रहको यथार्थ सूत्रलाई नीतिनिपुणमा पोख्त भएर देखाउन अरूमाथि प्रयोजन गर्नुहुन्न। येशुद्वारा प्रदान गर्नुभएको परमेश्वरका उत्कृष्ट अनुग्रहलाई ब्याख्या गर्न र हामीले दिने त्यसको प्रतिउत्तरलाई सतर्कता साथ बुझ्नुपर्दछ र त्यसको अधिकतम् फाइदका लागि उपयोग गर्नुपर्दछ।

प्रभु येशु अनुग्रहको प्रतिरूप हुनुहुन्छ। उहाँले अनुग्रहलाई आफ्नो व्यक्तित्वमा ढाल्नुभएको थियो। उहाँका सम्मुख पर्नुभनेको उहाँका अनुग्रहको सम्मुख पर्नु हो। "हामीले उहाँका महिमा देख्यौं," युहन्नाले लेख्दछ, “जुन महिमा पिताबाट आउनुभएको एक मात्र पुत्रको जस्तो थियो,.....अनुग्रह र सत्यतामा पूर्ण" (युहन्ना १:१४)।

येशुले यहाँ उल्लिखित केही उद्धरणहरूमा अनुग्रह र विश्वास वा आस्थाका बारेमा सिकाउनुभएको छ। हेर्नुहोस्, यसबारे उहाँले स्पष्ट पार्न खोज्नुभएका केही अभिमतहरूः *मत्ती १४:२८-३१, मत्ती २०:१- १५,*

देहायका पदहरू पढ्नुहोस्। यसमा मानिसहरूले अरूमाथि प्रभुत्व जमाउन कस्तो नअघाउने संघर्ष गर्दारहेछभनेर देखाउँछः

<u>मत्ती १८:१-६, मत्ती २०:२५-२८, मत्ती २३:१,५-१२, १ पत्रुस ५:१-४।</u>

विश्वको इतिहास यस्ता कठोर घटनाहरूले भरिएका छन् जसले गर्दा अहंकारी, निष्ठुर तानाशाहहरूले मानिसलाई नाङ्गो बनाएका छन्, लाखौंलाई शरणार्थी हुन धकेलेका छन् र कतिलाई त अन्धकार खोरमा तेश्रो दर्जा झ्यालखानाको अर्दलीको हुकुम मानेर कन्याककुक्रुक हुनुपरेको छ। हुन त इतिहासमा यस्ता केही महाराजाहरू नभएको होइन जसले साधारण जनता जो समाजबाट तिरस्कृत भएका थिए, उनीहरूको हितका लागि आफ्नो गद्दी त्यागेका थिए। तर स्वेच्छाले होस् वा बलजफतले होस्, सबै देशका शासकहरू जसले आफ्नो अधिकार त्यागेका थिए, तिनीहरू, येशुको महान् त्याग र कृपाका अगाडि फिक्का नै देखिन्छन्। पावलले भन्दछ सबै स्वभावमा येशु "परमेश्वर नै हुनुहुन्थ्यो"; यसको मतलव, यहाँ सारा जगत्का परमेश्वरका बारेमा कुरा गरिरहेका छौं। "(उहाँले) आफूलाई नगण्य बनाउनुभयो, अरूको प्रयोजनको लागि आफूलाई सुम्पिनुभयो, उहाँ मानिसको रूप लिनुभयो।" अझ मानिसको हृदय जित्न, मानिसलाई परमेश्वरका छोराछोरीहरू हुने अधिकार सुम्पिन र प्रत्याभूति दिन उहाँ, "स्वेच्छाले यस्तो शालीन र नम्र हुनुभयो ताकि मृत्युसम्मै बफादार हुन लत्रनुभयो-हो, क्रुसको मृत्युसम्म !" (फिलिप्पीहरूलाई २:५-८)

येशुले आफूलाई क्रुसमा टाँग्न सुम्पनुभएको परिप्रेक्ष्यमा र येशुको अद्भुत कृपा वा आफूलाई न्यून बनाउनुभएको ज्ञानको ज्योतिलाई मनन गर्दा हामीले कुनै पनि रूपमा आफ्नो भाउ खोज्नु र आफूलाई आत्मोत्कर्षमा लान अरूलाई उछिन्न खोज्नु, कतिको लज्जास्पद हुन्छ, सो विचार गर्नुहोस्। आफूलाई आफैले धोका दिने यस्ता खालका खतरापूर्ण मनस्थितिबाट हामी कसरी सुरक्षित हुनसक्दछौं?



साँचो रूपमा परमेश्वरका सम्मुख आउन पाउने बालअधिकारका निम्ति उहाँले जोडतोडका साथ समर्थन गर्नुभयो।

परमेश्वर कस्तो हुनुहुन्छ त भन्दा येशुको कामले नै बताउनु भएको छ। उहाँले बालबालिकाहरूप्रति स्नेह राख्नुहुन्छ, सम्मान गर्नुहुन्छ र सरोकार राख्नुहुन्छ। यो चरित्र केवल ती साना नानीहरूमा मात्र सीमित नराखेर समाजका पिछडिएका, तिरष्कृत, कमजोर र शोषित वर्गहरूलाई पनि फैलाउनुभएको छ। उहाँ अन्याय, अत्याचार र निरंकुशताको चक्करमा परेका निरीह मानिसहरूका परमेश्वर हुनुहुन्छ। जब येशुले ती बालबालिकाहरूको अनुहार हेर्नुभएको थियो, उहाँ विस्मय भएर राजा हेरोदको क्रुरता सम्झनुभएको थियो जसले असहाय बालबालिकाको निर्मम हत्या गरिएको थियो मत्ती २:१६-१८। प्राचीनकालमा निरंकुश सम्राट् फारोहले यहुदी बालकहरूको हत्या गर्न जारी गरेको अध्यादेश पनि उहाँले नसम्झनुभएको होइन (प्रस्थान १:१५,१६)। येशु परमेश्वरका नमूना हुन आउनुभयो, जो हिंस्रक मानसिक रोगले ग्रस्त असन्तुलित मानिसहरूको पूर्ण प्रतिपक्ष हुनुहुन्थ्यो।

जुन कुराहरू माथि पढ्नुभयो, तपाईंको मनमा येशुले परमेश्वरका बारेमा कस्तो चित्रण दिनुभएको महसुस गर्नुभएको छ? तपाईंको आफ्नै जीवनमा परमेश्वरका ती सद्गुणहरूको प्रत्याभूति पाउनुभएको छ? अझ महत्त्वपूर्ण कुरा त, तपाईंकै जीवनमा येशुको चरित्रको कुन पक्षलाई प्रतिविम्ब गरिरहनुभएको छ?

### ३. क्षमाशीलताको बारेमा येशुको नीतिनिर्देशन (मत्ती ६:१२-१४)

येशुसँग प्रयोग गरिएका धेरै शब्दहरूमा *क्षमाशीलता* सबैभन्दा उच्च शिखर हुन आउँछ। येशु र क्षमाशीलता दुवै सँगसँगै जान्छन् मानौं ती दुवै पर्यायवाची शब्दहरू हुन्। जब येशु क्रुसको क्रुर महाशंकष्ट भोगिरहनुभएको थियो, र सिपाहीहरू जन समूहको साथमा उहाँलाई गाली बेइज्जत र अपमानका तीरहरूले हानेर उहाँका घाउलाई अझ सल्काइरहेका थिए, उहाँका स्पन्दन ओठबाट हृदयविदारक शब्दहरू लडखडाएर निस्के: "पिता, यिनीहरूलाई क्षमा दिनुहोस्,

किनभने यिनीहरूले के गरिरहेका छन् त्यो तिनीहरूलाई नै थाहा छैन।" (लुका २३:३४)। अनी डाँडामा दिनुभएको अर्तीवचनमा यस क्षमाशीलतामा उहाँ यति माथि गएर हामीबाट अपेक्षा गर्नुभयो, यदि हामीलाई चित्त दुखाउने र आघात पुऱ्याउनेलाई हामीले क्षमा दिएनौं भने परमेश्वरले पनि हामीलाई क्षमा दिनुहुनेछैन जब हामीले उहाँका विरुद्धमा अपराध गर्दछौं (मत्ती ६:१२,१४,१५)

यहाँ उल्लेख गरिएका पदहरूबाट येशुले क्षमाका बारेमा के निर्देशन दिनुभएको छ सो पढ्नुहोस्: <u>मत्ती २:५-१२, लुका ७:३६-५०, १७:३,४, युहन्ना ८:१-११</u>

येशुले दिनुभएको क्षमाको बारेमा उदेकका वचनहरूलाई मानिसले दुरुपयोग पनि गर्न सक्दछ, त्यसकारण ती वचनहरूलाई सतर्कतासाथ अपनाउन कुन तत्त्वहरूलाई सन्तुलित तवरले हेर्नुपर्दछ? हेर्नुहोस्: मत्ती १२:३१,३२, १८:६, मर्कुस १४:२१।

मर्कुस १४:२१ मा येशुले त्यस्तो मानिसलाई धिक्कार भन्नु भएको छ जसले मानिसको पुत्रलाई धोका दिन्दछन्। तर त्यस मानिसले पश्चात्ताप गरे र आफ्नो अपराध स्विकार गरेभने? यस सन्दर्भमा यहुदा र पत्रुसको वृतान्त हेर्नुहोस्। तर तिनीहरूमा के भेद थियो? दुवै जनाले कुनै न कुनै रूपमा येशुलाई धोका दिएका थिए। जब येशुलाई पकडियो र उहाँलाई मृत्युदण्डको सजाय दिइयो, यहुदालाई पश्चातापले सतायो र धर्मसभामा पुजारीहरूलाई येशुलाई कपट गरेर बेचेको पैसा छरेर उपयुक्त शब्दहरू प्रयोग गरेर सम्बोधन गरेः "मैले पाप गरें, किनभने मैले निर्दोष रगतलाई धोका दिएँ" (मत्ती २७:३,४)। सार्वजनिक रूपमा यहुदाले आफू पछुताएको प्रकट गरेको विपरीत पत्रुसले पश्चात्तापका आँसुहरू मौनतासाथ बगाए; न त आफूले येशुलाई लज्जापूर्ण इन्कार गरेको अपराधलाई मूल पुरोहित कायफासको न्याय अदालतमा आएर स्विकारेर आफूलाई सुधार्न खोजे। यद्यपि, एक जना दोषी ठहरियो, त अर्कोलाई क्षमा दिइयो। यसमा के निर्णायक भिन्नता पाउनुभएकोछ?



व्यावहारिक परिप्रेक्ष्यमा क्षमाशील हुनुभनेको कसरी बुझ्नुपर्दछ? उदाहरण स्वरूप, श्रीमतीले आफूलाई अत्याचार गर्ने श्रीमान्‌लाई क्षमा दिन सक्दछिन् तर के त्यो क्षमाशीलताको अर्थ कमजोर स्त्रीलाई क्रुर पतिको हातमा विभत्स भएर परिरहनुपर्ने लाइसेन्सको उपयोग गर्नु हो त? हामीले कसरी क्षमा दिनु पर्दछ, र त्यही बेला, हामी बुद्धिमात्तापूर्ण तवरले जागरुकता अपनाएर अन्यायीहरूको हातबाट सुरक्षित हुन के गर्नुपर्दछ किनभने हामी यस्ता धेरै मानिसहरूको संसर्गमा आउँछौं जसले हाम्रो विश्वासलाई धोका दिएका हुन्छन्?

### ४. नम्रता, सदाशयता र शालीनताको बारेमा येशुको नीतिर्देशन (मत्ती २०:२५-२८)

सन् १९९५ मा मैले केही खेलाडीहरूलाई यो प्रश्न गरेको थिएँ: यदि तपाईंहरूले यस्तो औषधी खानुभयो जसले गर्दा ओलम्पिक खेलमा सुनको तक्मा पाउन ग्यारेन्टी हुन्छ तर पाँच वर्षभित्र तपाईंहरूको मृत्यु हुनेछ, के तपाईंहरू त्यो खानुहुन्छ? पचास प्रतिशत भन्दा बढिले खान्छौं भनेर जवाफ दिए। आजको संसारमा, शक्तिसम्पन्न र लोकप्रिय र ख्यातिप्राप्त हुन भोकाउने मानिसहरूको मनसाय उपर्युक्त खेलाडीहरूको जवाफले करुण चित्रण गर्दछ। "क्यामराका अगाडि उभिने" चाहना र लाखौंलाई हत्केलामा राखेर मुग्ध पार्ने इच्छा वा लक्ष्य आजका विसौं शताब्दीको लहर हो।

मानौं वा नमानौं यही लहर चर्चमा पनि अतिक्रमण भइरहेको पाउँछौं। यदि हामी निरन्तर रूपमा यस विषयमा सतर्क भएनौं भने अरूलाई उछिनेर आफूमाथि आउने प्रबल इच्छा रहस्यमयढंगले जालो फैलाएको हुन्छ। शताब्दीयौंदेखि चलिआएको चलन, अरूमाथि प्रभुत्व जमाउने महत्त्वकांक्षा, घटेको हामी पाउँदैनौं। (अरूलाई खुट्टामुनि राखेर बस्नु पनि एक किसिमको लागूऔषधी नै हो भने पनि हुन्छ, यो नशाले प्रायजसो सबैलाई सताएको हुन्छ)।